फोन: ०६१-५०६४००

# मादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

मादी गाउँपालिका

थुमाकोडाँडा, कास्की

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३

चलानी नं : ६६५

मिति :२०८२/०८/१६

**चिस्यान केन्द्र सञ्चालनका लागि प्रस्ताव आह्वनको सूचना।**

मादी गाउँपालिकाको चिस्यान केन्द्र सञ्चालन कार्यविधि, २०८२ बमोजिम मादी गाउँपालिका वडा नं १२ भगवतीटार स्थित चिस्यान केन्द्र सञ्चालन गरी कृषि उपजको सुरक्षित भण्डारणमा सहयोग पुर्‍याउन देहाय बमोजिमका शर्तहरुको अधिनमा रही मादी गाउँपालिका क्षेत्र भित्रका ईच्छुक कृषि सहकारी/कृषक समूह फर्मले यो सूचना प्रकाशन भएको मितिले १५ दिन (२०८२/०९/०१) भित्र तपसिल बमोजिमका आवश्यक कागजातसहित प्रस्ताव यस गाउँ कार्यपालिकाको कार्यालयमा पेस गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

१. निवदेन र चिस्यान केन्द्र संचालनको लागि प्रविधिक / आर्थिक प्रस्ताव सहित कार्ययोजना।

२. संस्था दर्ता र संस्थाको स्थायी लेखा नम्बर (पान नं.) प्रमाणपत्रको प्रतिलिपि।

३. सम्बन्धित वडा कार्यालयको सिफारिस।

४. गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

५. समुह सहकारीको अध्यक्षको नेपाली नागरिकताको प्रतिलिपि।

६. कृषि सहकारी/कृषक समुहको हकमा कार्य समितिको निर्णयको प्रतिलिपि।

७. लेखा परीक्षण प्रतिवेदन प्रतिलिपि र संस्थागत निर्णयको प्रतिलिपि।

**थप जानकारीः-**

१. कार्यालयमा प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन गरी थप जानकारी गरिनेछ।

२०८२/०८/१६

चेतनारायण भण्डारी

प्रमुख प्रशासकीय अधिकृत